the pittsburgh promise

# जानकारीपत्र

## योग्य हुनको लागि मलाई के-कुराहरू आवश्यक पर्छ ?

द पिट्सबर्ग प्रोमिस (The Pittsburgh Promise) छात्रवृत्ति प्राप्त गर्नका लागि विद्यार्थीहरूले निम्न आवश्यकताहरू पूरा गरेको हुनैपर्छ: (1) पिट्सबर्ग पब्लिक स्कुल्स वा पिट्सबर्ग पब्लिक स्कुल्सद्वारा अधिकार प्रदान गरिएको चारवटा स्कुलहरू मध्ये कुनै एकमा भर्ना भएको, र (2) कम्तीमा पनि 9औं ग्रेडको सुरुदेखि निरन्तर रूपमा सिटी अफ पिट्सबर्ग (वा Wilkinsburg) को निवासी रहेको; (3) न्यूनतम 2.20 को कुल अनवेटेड (unweighted) ग्रेड प्वाइन्ट एभरेज प्राप्त गरेको र 90% वा सोभन्दा बढीको हाजिरी भएर PPS हाइ स्कुलबाट उत्तीर्ण भएको।

प्रोमिसका अन्य आवश्यकताहरू पूरा गरेको तर 2.0 देखि 2.49 बीचको कुल अनवेटेड (unweighted) ग्रेड प्वाइन्ट एभरेज प्राप्त गरेको विद्यार्थीले कम्युनिटी कलेज अफ ऐलेघेनी काउन्टीमा द प्रोमिस एक्सटेन्सन प्रोग्राम (The Promise Extension Program) का लागि आवेदन दिन सक्नेछन्। प्रोमिस फण्डहरूले कार्यक्रमको लागि शुल्कहरू तिर्न मद्दत गर्छ र एक वर्ष लामो पाठ्यक्रम सफलतापूर्वक पूरा गरेकाहरू पूर्णरूपमा प्रोमिस-योग्य (Promise-eligible) बन्छन्।

## मैले कलेज छात्रवृति बापत कति रकम प्राप्त गर्नेछु ?

### 2018 र त्योभन्दा अघिका कक्षाहरूका लागि

**ग्रेड 9 को पहिलो दिनदेखि नै नियमितरूपमा भर्ना भएका योग्य विद्यार्थीहरू वार्षिक $5,000 *सम्मका* लागि योग्य हुनेछन्। वार्षिक $1,000 को न्यूनतम छात्रवृति सबै योग्य र भर्ना भएका विद्यार्थीहरूलाई उपलब्ध गराइनेछ।**

द प्रोमिस "लास्ट-डलर" छात्रवृति हो। यसको अर्थ पोस्ट-सेकेण्डरी शिक्षाको हरेक वर्षको लागि शिक्षण शुल्कमा कटौती लगायतका सरकारी अनुदान (जस्तै: Pell, PHEAA र FSEOG), अन्य अनुदान तथा छात्रवृतिहरू कटाएपछि विद्यार्थीको तिर्न बाँकी रकममा हरेक वर्ष $5,000 सम्मको अनुदान उपलब्ध गराइनेछ।

यदि $5,000 को अधिकतम अनुदान रकम भएको विद्यार्थीलाई सबै खर्चहरू बेहोर्न $3,000 आवश्यक पर्छ भने हामी $3,000 उपलब्ध गराउँछौं। यदि अन्य सबै अनुदान र छात्रवृतिहरूको रकम घटाउँदै जाँदा विद्यार्थीले तिर्नु पर्ने कुनै खर्च नभए पनि शुल्क उनीहरूले द प्रोमिसबाट न्यूनतम $1000 को अनुदान प्राप्त गर्नेछन्/गर्नेछिन् जसको प्रयोग उनीहरूले आफ्नो स्व-विवेकले स्कुल-सम्बन्धित खर्चहरूका लागि गर्नुपर्छ।

## द प्रोमिस छात्रवृत्तिलाई कहाँ प्रयोग गर्न सक्छु ?

विद्यार्थीले पेन्सलभेनियाका कुनै पनि मान्यताप्राप्त कलेज, विश्वविद्यालय, व्यापार वा प्राविधिक स्कूलमा अध्ययन गर्न सक्छन्। कार्यक्रमहरू सङ्घीय Pell अनुदानका लागि योग्य हुनैपर्छ। प्रोमिस फण्ड पोस्ट-सेकेण्डरी शिक्षाको लागि मात्र हो र यसलाई ग्रेजुएट-तहमा प्रयोग गर्न पाइँदैन। द प्रोमिसले अनलाइन शिक्षालाई अनुदान दिँदैन।

## मैले यो छात्रवृत्तिलाई कहिलेसम्म प्रयोग गरिसक्नुपर्छ ?

द पिट्सबर्ग प्रोमिसलाई हाइ स्कुलबाट उत्तीर्ण भए लगत्तैको चार वर्षभित्रमा अनिवार्यरूपमा प्रयोग गरिसक्नुपर्छ।

## प्रोमिस फण्ड

### के-केका लागि प्रयोग गर्न सकिन्छ ?

**2018 र त्योभन्दा अघिका कक्षाहरूका लागि**

द प्रोमिस छात्रवृत्तिले टोटल कोस्ट अफ एटेन्डेन्स (अध्ययन गर्दाको जम्मै खर्च) लाई बेहोर्न मद्दत गर्छ। यसमा शिक्षण शुल्क, शुल्कहरू, कोठा, बोर्ड तथा किताबहरू पर्दछन्।

## प्रोमिस योग्य हाइ स्कूलहरूको सूची

**City High Charter High School**
**Hill House Passport Academy**
**Pittsburgh Allderdice**
**Pittsburgh Brashear**
**Pittsburgh CAPA**
**Pittsburgh Carrick**
**Pittsburgh Milliones (UPrep)**
**Pittsburgh Obama**
**Pittsburgh Online Academy***
**Pittsburgh Perry**
**Pittsburgh Sci-Tech Academy**
**Pittsburgh Westinghouse**
**The Academy Charter High School**
**Urban Pathways Charter High School**

**Pittsburgh Online Academy प्रोमिस छात्रवृत्तिका लागि विद्यार्थीहरूलाई योग्य ठहराउने एकमात्र अनलाइन/साइबर हाइ स्कुल हो।*

### यदि मलाई परम्परागत 4.0 स्केल तरिकाबाट ग्रेड गरिएको छैन भने ?

हरेक विद्यार्थीको शैक्षिक जानकारीबारे द प्रोमिसलाई खबर गर्ने जिम्मेवारी पिट्सबर्ग पब्लिक स्कुल्सको हो। तपाईंको मार्गदर्शक वा ट्रान्जिशन काउन्सलर (परामर्शदाता) ले तपाईंको शैक्षिक प्रगतिबारे निर्णय गर्न र प्रोमिसको योग्यतासम्बन्धी प्रयोजनहरूका लागि त्यसलाई व्याख्या गर्न तपाईंको स्कुलसँग मिलेर काम गर्नुहुनेछ।

### यदि मेरो नियन्त्रणभन्दा बाहिरका परिस्थितिहरूको कारणले गर्दा मेरो नाम दर्ता, GPA, हाजिरीमा बाधा वा अन्य कुनै समस्या भइ त्यसले मेरो योग्यतालाई प्रभावित गरेमा के हुन्छ ?

कम्पेसन अपिल (Compassion Appeal) प्रक्रिया त्यस्ता विद्यार्थीहरूलाई उपलब्ध छन् जसले छात्रवृत्तिका लागि योग्यता प्राप्त गर्ने उनीहरूको क्षमतामा बाधा पुर्याउने गम्भीर अनुभव वा समस्या सामना गरेका छन्। अपिल (पुनरावेदन) हरूलाई द प्रोमिस स्टुडेन्ट पोर्टल (The Promise Student Portal) मार्फत बुझाउन सकिन्छ। अपिलहरूको बारेमा IEP हरू, 504 हरू तथा विद्यार्थीको नियन्त्रणभन्दा बाहिरका अन्य परिस्थितिहरूको आधारमा सोचविचार गरिन्छ। पोस्ट-सेकेण्डरी स्कुलमा अध्ययन गर्दै गर्दा अपवादको अवस्थाहरूको कारणले गर्दा विशेष व्यवस्थाहरू आवश्यक पर्ने विद्यार्थीहरूका लागि पनि अपिलहरू बुझाउन सकिन्छ।

### पोस्ट-सेकेण्डरी स्कुलमा अध्ययन गर्न सुरु गरिसकेपछि म प्रोमिसका लागि कसरी योग्य रहिरहन सक्छु ?

विद्यार्थीहरूले अनिवार्यरूपमा 2.0 को क्युमुलेटिभ ग्रेड प्वाइन्ट एभरेज ल्याइराख्नुपर्छ र उनीहरू अध्ययन गर्ने विद्यालयद्वारा परिभाषित गरिएको फुल-टाइम कोर्स लोडलाई पूरा गर्नुपर्छ जुन सामान्यतया 12-16 क्रेडिटसको हुन्छ। आफ्नो स्कुलसँग फुल-टाइमसम्बन्धी उनीहरूको परिभाषाको बारेमा बुझ्नुहोस्। हरेक शैक्षिक वर्षको अन्तमा द प्रोमिसले शैक्षिक प्रगतिको समीक्षा गर्नेछ। द प्रोमिसद्वारा पार्ट-टाइम तथा अनलाइन भर्नाका लागि अनुदानमा रकम उपलब्ध गराइदैन।

*नोट: अधिकांश 4-वर्षे कलेजहरूमा, 4 वर्षमा उत्तीर्ण हुनका निम्ति विद्यार्थीले प्रति सेमेस्टर 15 क्रेडिटस् अनिवार्य पूरा गर्नुपर्छ।*

### मैले कसरी आवेदन दिन सक्छु ?

हाइ स्कूलको आफ्नो सिनियर वर्षमा, FERPA Release भर्नका लागि द प्रोमिस स्टुडेन्ट पोर्टलमा लग इन गर्नुहोस् र स्कुलका आफ्ना रुची(हरू) प्रविष्ट गर्नुहोस्।

### मेरो स्कुलले कसरी द प्रोमिस छात्रवृत्ति प्राप्त गर्छ ?

विद्यार्थीहरूले द प्रोमिस स्टुडेन्ट पोर्टलमा उनीहरूले अध्ययन गर्ने स्कुलको नाम प्रविष्ट गर्छन् र त्यसपछिको प्रक्रियालाई द प्रोमिसले अगाडि बढाउँछ। फण्डहरूका लागि स्कुलहरूले बिल तयार गरेर द पिट्सबर्ग प्रोमिसलाई पठाउँछ। चेकहरूलाई सिधैं स्कुलमा पठाइन्छ।

### थप प्रश्नहरू छन् ? हामीलाई सम्पर्क गर्नुहोस्।

**412-281-7605** (टेलिफोन)
**412-281-7638** (फ्याक्स)
**info@pittsburghpromise.org** (इमेल)
**1901 Central Avenue, Suite 204, Pittsburgh, PA 15219** (पत्राचार)

the pittsburgh promise

पिट्सबर्ग प्रोमिसका बारेमा थप जान्नुहोस्
**www.pittsburghpromise.org**